# त्रिपुरासुन्दरी गाउँपालिकाको सातौं गाउँसभा

## आर्थिक वर्ष २०७७/७८ का लागि

## अध्यक्ष  श्री शम्भुकुमार थापाज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम

**त्रिपुरासुन्दरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सल्यानटार, धादिङ**

**बागमती प्रदेश , नेपाल**

**२०७७ असार १०**

**आ.व २०७७/०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट**

**"समृद्ध त्रिपुरासुन्दरी, सुखी त्रिपुरासुन्दरीबासी "**

**त्रिपुरासुन्दरी गाउँपालिकाको सम्मानित सातौँ गाउँसभाका प्रमुख अतिथिज्यू ,विशिष्ट अतिथिज्यू ,अतिथिज्यूहरु उपाध्यक्षज्यू, जिल्ला समन्वय समितिका सदस्यज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, राजनीतिक तथा सामाजिक प्रतिष्ठित व्यकित्वहरु लगायत सभाका निमन्त्रित र आमन्त्रित पाहुनाहरु तथा सम्पूर्ण कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु हार्दिक अभिवादन !**

सातौं गाउँसभाको महत्वपूर्ण अबसरमा सर्बप्रथम लोकतान्त्रिक राज्य व्यबस्था परिबर्तनका विभिन्न आन्दोलन र अभियानहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाईते,अपाङ्गता भएका सम्पूर्ण योद्दाहरु र उनका परिवार प्रति समर्पित भई काम गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु |

नेपाली जनताले पटकपटक गर्दै आएको त्याग,बलिदान र ऐतिहासिक जनयुद्ध र जनआन्दोलनको गौरवपूर्ण इतिहासको जगमा नेपालको स्वतन्त्रता, सार्बभौमिकता ,भौगालिक अखण्डता,राष्ट्रिय एकता, स्वधिनता र स्वभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार स्वतन्त्रता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यबस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, बिकास र संवृद्धिको आकांक्षा पूरा गर्न संबिधानसभाबाट पारित नेपालको संबिधान २०७२ को पहिलो कार्यान्वयन स्वरुप सम्पन्न स्थानीय तहको निर्बाचनमार्फत नेपालको इतिहासमा स्वतन्त्रता, स्वायत्तता र सुशासनको अधिकार सहित स्थापित यस त्रिपुरासुन्दरी गाउँपालिकाको प्रांगणमा सिंहदरबारको अधिकार जनताको घरदैलोमा आएको अनुभूति हुने गरी सातौं गाउँसभाको नीति तथा कार्यक्रम पेश गर्न पाउँदा गौरावशाली ठानेको छु|

नेपालको संविधानले तीन तहको सरकार व्यवस्था गरे अनुसार जनताले देख्न,छुन,बोल्न र प्रत्यक्ष व्यवहार गर्न पाउने संबैधानिक अधिकार प्राप्त स्थानीय सरकार हो|

वर्तमान नेपालको संबिधान धारा ५६ मा राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यबस्था छ| त्यस्तै अनुसूची ८ र ९ का एकल र साझा अधिकारका बिषयहरुमा सहकार्य गर्दै अगाडी बढ्ने कुरा यहाँहरुलाई जानकारी गराउन चाहन्छु| उल्लेखित अधिकारको प्रयोग गाउँसभा र सभाले बनाएका कानुनहरुलाई पूरा गर्न आवश्यक ऐन,नियमावली र कार्यविधि बनाएर संचालन हुने व्यबस्था छ| यसरी प्राप्त हुने अधिकारको समुचित प्रयोगबाट त्रिपुरासुन्दरी गाउँपलिकाको क्षेत्र भित्रको आर्थिक, सामाजिक ,भौगोलिक मानवीय विकासका माध्यमबाट समाबेशी जनउत्तरदायी र जवाफदेही पारदर्शी सरकारको अनुभूति हुने गरी कार्य गर्ने प्रतिबद्धता ब्यक्त गर्न चाहन्छु|

अनुसूची ९ मा उल्लेखित साझा अधिकारहरुसहित संबिधानले तीन तहको सरकारको अधिकार बाँडफाड गरेतापनि अझै धेरै बिषयहरुलाई साझा अधिकार क्षेत्रभित्र राखिएको छ| सबै तहबाट कानुन बनाई स्पष्ट कार्यान्वयनमा सहजता ल्याउन जरुरी देखिन्छ |

बिश्वभरी फैलिएको कोभिड-१९ को महामारीले हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेन जसका कारणले केही उल्लेखनीय बिकास निर्माणका कामहरुमा बन्दाबन्दीको असरले प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन| ठुलो धनराशी कोरोना भाइरस नियन्त्रण तथा व्यबस्थापनमा खर्च भईरहेको छ| विदेश तथा स्वदेशबाट आएर क्वारेन्टाइन र आइसोलेसनमा बस्दा खेरी धेरै नागरिकहरुलाई सीमित स्रोत साधन र भौगोलिक कठिनाइका कारण मापदण्ड अनुरुप व्यबस्थापनमा हुन गएको असहजतामा गाउँपालिका क्षमाप्रार्थी छ | लामो समय बन्दाबन्दीका कारण आफ्नो व्यापार व्यबसाय बन्द गरेर नेपाल सरकारबाट आव्हान भएबमोजिम बन्दाबन्दीलाई पूर्ण पालना गरी आ-आफ्नो ठाउँबाट सहयोग पुराई दिनु हुने सम्पूर्ण गाउँपालिकाबासी आमाबुबा,दाजुभाई तथा दिदी-बैहिनीहरु प्रति गाउँपालिका परिवार हार्दिक आभारसहित धन्यबाद प्रकट गर्दछ|

**दीर्घकालिन सोच: "कृषि ,जलस्रोत ,पर्यटन र पूर्वाधार ,समृद्ध समाज त्रिपुरासुन्दरीको आधार"**

**लक्ष्य :** यस गाउँपालिकाभित्र रहेको प्राकृतिक स्रोत साधनको समुचित र महतम उपयोग गरी कृषि पेशा व्यवसायहरुको आधुनिकीकरण गर्दै, घरेलु उद्योग व्यवसायलाई सवलीकरण गर्ने, पर्यटकीय गन्तब्यको प्रचार

प्रसार तथा प्रवर्द्धन , सामाजिक न्याय र समाबेशी विकासको आधारमा जोड दिई  रोजगारी सिर्जना गर्दै गरिवी निवारणमा टेवा पुराई हरेक नागरिकलाई आत्मनिर्भर बनाइनेछ |

**उद्देश्य: "समृद्ध त्रिपुरासुन्दरी, सुखी त्रिपुरासुन्दरीबासी "**को चाहनालाई साकार पार्न आर्थिक, सामाजिक, पूर्वाधार विकास ,वातावरणीय , संस्थागत विकास , सेवाप्रवाह र सुशासनको क्षेत्रमा सवल सक्षम समृद्ध त्रिपुरासुन्दरी गाउँपालिका निर्माण गरिने उद्देश्य लिईएकोछ |

**अपेक्षित उपलब्धी:**

१.समग्र आर्थिक क्षेत्रको विकासले हरेक नागरिकको जीवनस्तर उकास्न, रोजगारी सिर्जना गर्न र व्यवसाय तथा आयआर्जनमा आत्मनिर्भर  उन्मुख हुँदै  सकारत्मक परिवर्तन आउनेछ |

२.समग्र सामाजिक क्षेत्रको विकासले शिक्षा, स्वास्थ्य , खानेपानी तथा सरसफाई , सांस्कृतिक प्रबर्धन खेलकुद तथा मनोरंजन ,लैंगिक समानता तथा सामाजिक समावेशीकरणको माध्यमबाट नागरिकको जीवनस्तरमा सुधार आउनेछ |

३.पूर्वाधार क्षेत्रको विकासले गाउँपालिकाका सबै वडाहरु सडक संजाल(Road Connectivity)बाट जोडिन गई सर्वयामी रुपमा चल्ने चक्रपथ बन्नेछ  साथै सुरक्षित भवन तथा सल्यानटार व्यवस्थित सहरीकरण उन्मुख हुनुका अलवा सबै नागरिकहरुमा संचारको  पहुँच पुग्नेछ र नवीकरणीय तथा अनवीकरणीय उर्जाबाट प्रत्यक्ष लाभान्वित हुनेछन|

४.वातावरण तथा विपद व्यबस्थापनमा लिईएको नीति तथा कार्यक्रमले विश्व महामारी रुपमा फैलिएको कोभिड-१९ नियन्त्रण तथा न्यूनीकरणमा टेवा पुग्नेछ, हरेक विकास निर्माण गर्दा बायो-इन्जिनियरीङ्गमा राखिएको प्रावधानले भूक्षय , नदी कटान नियन्त्रण हुनुका साथै वातावरण  संरक्षण तथा जलवायु परिवर्तन र यसका प्रभावबाट हुने असरलाई अनुकुलित हुन टेवा पुग्नेछ |

५.सूचना प्रबिधि तथा सुशासन क्षेत्रको विकासले तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन हुँदै , व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई  प्रभावकारिता तथा पारदर्शिता बढ्न गई समाजमा सुरक्षाको अनुभूती र स्थानीय सरकारले लिएको भ्रस्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिले आम नागरिकहरुमा जवाफदेहिता र पारदर्शिताको  महशुस हुनेछ |

**वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु :**

यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधान अनुसूची ८ मा व्यवस्था गरिएको स्थानीय तहको एकल अधिकार, अनुसूची ९मा व्यवस्था गरिएको साझा अधिकार स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,स्थानीय सरकार संचालन ऐन २०७४ , राष्ट्रिय योजनाबाट प्राप्त दिग्दर्शन, आवधिक योजनाहरु ,संघीय सरकार र प्रदेश सरकारको  नीति कार्यक्रम तथा बजेट र  मार्गदर्शन,

गाउँपालिका विगतका नीति तथा कार्यक्रम/योजना,नागरिकहरुको माग तथा आवश्यकता र प्राप्त सुझावहरु ,राजनीतिक दल तथा नागरिक समाजबाट प्राप्त सुझावहरुलाई अवलम्बन गर्दै यो नीति कार्यक्रम तथा बजेट तय गरिएकोछ|

**प्राथमिकताका क्षेत्रहरु:**

- कोभिड-१९ को महामारी व्यवस्थापन
- कृषिमा आधुनिकीकरण र व्यवसायीकरणमा जोड
- पूर्वाधार विकास
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- सर्वसुलव र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह
- आन्तरिक रोजगार प्रबर्धनमा जोड
- खानेपानी र सरसफाई व्यबस्थापन
- लैंगिक तथा सामाजिक समाबेशीकरण
- सूचना प्रबिधिमा आधारित सेवा प्रवाह
- उद्यमशीलता र सहकारिताको विकास
- सदाचार र सुशासन
- विपद व्यबस्थापन उद्दार, राहत र पुनस्थापना

**गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

**यस चालू आ.व ०७६/०७७ मा भएका मुख्य-मुख्य क्षेत्रगत उपलब्धिहरु:**

**१.पूर्वाधार विकास:**

पूर्वाधार विकास क्षेत्रमा भएका मुख्य मुख्य प्रगतिहरु निमनानुसार छन|

| क्र.स | विवरण | कार्य प्रगती |
|---|---|---|
| १. | नयाँ सडक निर्माण | ४२ किमी भित्री शाखा सडक निर्माण कार्य सम्पन्न भएको |
| २. | सडक ग्राबिल | २२ किमी सडक ग्राबिल कार्य सम्पन्न भएको |
| ३. | सडक ढलान | २४६ मिटर सडक ढलान कार्य सम्पन्न भएको |

| | | |
|---|---|---|
| ४. | सडक मर्मत तथा स्तरोन्नति | ९२ वटा सडकहरुको मर्मत तथा स्तरोन्नति गरिएको |
| ५. | सडक सोलिङ | २०७ मिटर सोलिङ कार्य सम्पन्न भएको |
| ६. | मेसिनरी वाल | २५० मिटर मिटर मेसिनरी वाल निर्माण भएको |
| ७. | कजवे निर्माण | २ वटा कजवे निर्माण भएको |
| खानेपानी तथा सरसफाई अन्तर्गतका योजनाहरु | | |
| १ | पाइपलाइन विस्तार | ३८ किलोमिटर पाइपलाइन खरिद तथा निर्माण कार्य गरिएको |
| २ | लिफ्ट खानेपानी निर्माण तथा मर्मत | ८ वटा लिफ्ट खानेपानी निर्माण तथा मर्मत कार्य भएको |
| ३ | खानेपानी निर्माण तथा मर्मत | ६० वटा खानेपानी आयोजनाहरु निर्माण तथा मर्मत भएको |
| ४ | खानेपानी ट्यांकी निर्माण | २० वटा भन्दा बढी खानेपानी ट्यांकी निर्माण भएको |
| ५ | एक घर एक धारा | एक घर एक धारा अवधारणालाई निरन्तरता दिइदै यस आ.वमा ६२७ घरधुरीमा मिटर सिस्टम सहितको धारा जडान |
| ६ | सरसफाई तथा विविध | विशालनगर बजार क्षेत्रमा व्यवस्थित ढल निकास गरिएको |
| सिंचाई योजना | | |
| १ | सिंचाई कुलो मर्मत तथा बिस्तार | २९ वटा सिंचाई कुलो मर्मत तथा विस्तार गरिएको |
| २ | पक्की सिंचाई कुलो | ४०० मिटर मेसिनरी सिंचाई कुलो र २ किलोमिटर पाइप खरिद गरी सिंचाई कुलोमा प्रयोग गरिएको |
| मन्दिर ,पाटी , चौतारा ,सामुदायिक भवन संरक्षण तथा निर्माण | | |
| | मठ मन्दिर ,चर्च ,मदरसा | ३१ स्थानमा मठ,मन्दिर, चर्च,मदरसा निर्माण गरिएको |
| | चौतारा | ४ वटा चौतारा निर्माण तथा मर्मत भएको |
| | पाटी तथा सामुदायिक भवन | २४ वटा सामुदायिक भवन निर्माण तथा मर्मत कार्य भएको |

स्रोत :पूर्वाधार विकास शाखा

## २.सामाजिक विकास :

- ✓ विश्व महामारीको रुपमा फैलिरहेको कोभिड-१९ नियन्त्रण गर्न गाउँपालिका स्तरीय समन्वय समिति निर्माण गर्नुका साथै वडास्तरमा समेत समन्वय समिति गठन गरिएको| संघ र प्रदेश सरकार संग सहकार्य , समन्वय र सहकार्यको सिद्धान्तमा आबश्यक पहलकदमी लिइएको|

- ✓ नियमित स्वास्थ्य सेवालाई निरन्तरता साथै साविक राष्ट्रिय कार्यक्रमलाई प्रभावकारी रुपमा अनुशरण गरिएको|
- ✓ कोभिड १९ को सम्बन्धमा यस गाउँपालिकामा RDT परिक्षण १८७ जनामा र PCR १६१ जनामा परिक्षण गरिएको छ|
- ✓ चालू आ.वमा लिइएको लक्ष्य राष्ट्रिय शिक्षा दिवस, रास्ट्रपति रनिंग शिल्ड, अध्यक्षकप लगायत विभिन्न खेलकुद कार्यक्रमहरु भव्यताका साथ सम्पन्न गरिएको|
- ✓ शिक्षा क्षेत्रको नियमित कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनुका साथै विभिन्न तहमा आबश्यक अनुदान शिक्षकको नियक्ति गरी बिद्यालयको शैक्षिक गुणस्तर सुधार्ने आबश्यक पहल कदमी लिएको|
- ✓ विभिन्न बिद्यालयहरुलाई समयअनुसार सूचना प्रबिधि मैत्री बनाउन कम्प्युटर जडान  गर्नुका साथै विभिन्न बिद्यालयहरुमा बिज्ञान प्रयोगशाला निर्माण गर्नुका साथै सबै बिद्यालयहरुको शैक्षिक तथ्यांक अनलाइन मार्फत व्यवस्थित गरिएको|
- ✓ शैक्षिक क्यालेन्डर निर्माण , स्यानिटरी प्याड वितरण गर्नुका साथै तीन वटा बिद्यालयलाई थप कक्षा संचालनको अनुमती प्रदान गरी शैक्षिक गुणस्तर वृद्धिमा बिशेष टेवा पुगेको छ|

**३.आर्थिक विकास :**

- ✓ व्यवसायिक पशुपन्छी पालन गर्ने कृषकहरुमा ५० प्रतिशत अनुदानमा ९ जना कृषकहरुलाई अनुदान उपलब्ध गराइएको ,रेबिज रोगसम्बन्धी जनचेतना कार्यक्रम साथै पशु स्वास्थ्य शिविर सम्पन्न गरी ११५०० गोटा भन्दा बढी पशुपन्छीलाई विभिन्न प्रकारको औषधी उपचार गरिएको र कृषकहरुलाई घाँसको विऊ वितरण गर्नुका साथै नश्ल सुधारको लागि कृषकहरुलाई सामग्री खरिद गरी वितरण गरिएको|
- ✓ DISPENSARY LAB भवनको व्यबस्थापन भई नियमित सेवाप्रवाह सुचारु गरिएको
- ✓ २२५ कृतिम गर्वधारण र ६०० गोटा पशुपन्छी विमा कार्यक्रम गरिएको
- ✓ ५७५० केजी उन्नत जातका मकैका विऊ वितरण गर्नुका साथै अदुवा, कागती, केरा लगायत १३४४७ गोटा बेर्ना वितरण गरिएको
- ✓ कृषकहरुलाई  तरकारी खेतीका लागि २० गोटा टनेल र किटनाशक औषधी छर्कन १०८ वटा स्प्रेयर वितरण गरिएको |

**४. संस्थागत विकास सेवा प्रवाह र सुशासन :**

- ✓ कार्यलयको सेवाप्रवाहलाई छिटो छरितो बनाउन योजनाको सफ्टवेयर जडान गर्नुका साथै मोबाइल एप्स संचालन गरी सूचना प्रवाहलाई पारदर्शी बनाइएको छ|
- ✓ गाउँपालिकाभित्रको कार्यलाई निगरानी बढाउन सी.सी क्यामेरा जडान गरिएको
- ✓ गाउँपालिका भित्र भएको आम्दानी र खर्चको विवरण सार्वजानिक गाउँपालिकाको वेवसाइट मार्फत सार्वजनिक र सामाजिक संजाल मार्फत गर्ने गरिएको|

**५. न्यायिक समितिबाट सम्पादन भएका कार्यहरु:**

- ✓ २० वटा जग्गा विवाद सम्बन्धि उजुरी परेकोमा १९ वटा उजुरीहरु आपसी छलफलमा मिलापत्र भएको
- ✓ १ जना व्यक्ति हराएको सम्बन्धी समस्या हल गरिएको
- ✓ १० वटा घरेलु हिंसा उजुरी परेकोमा सबै उजुरीहरुको समस्या हल गरिएको
- ✓ १ वटा बालबिवाह सम्बन्धी समस्या हल गरिएको
- ✓ ४ वटा खानेपानी तथा सडक सम्बन्धी विवाद दर्ता भएकोमा ३ वटा लाई आपसी मिलापत्र गरी हल गरिएको|
- ✓ ३ वटा सम्पतिसम्बन्धी उजुरी दर्ता भएकोमा २ वटा हल गरी बाँकी एउटालाई जिल्ला अदालत धादिङमा पठाइएको|

**यस सभाका प्रमुख अतिथिज्यू , बिशेष अतिथिज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, अब म आ.व ०७७/०७८ को लागि नीति,कार्यक्रम तथा बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु|**

## ❖ आर्थिक विकास :

### क) आन्तरिक आय:

**"त्रिपुरासुन्दरीले उठाएको कर ,विकासको मूल आधार"**

१. आफ्नो अधिकार क्षेत्रभित्रको प्राकृतिक र अन्य आर्थिक स्रोत संकलन परिचालनका लागि जिम्मेवार बनाएकोमा आन्तरिक आय वृद्धि गर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरी व्यवस्थित ढंगले करको दायरामा ल्याउन एक संयन्त्र निर्माण गरी परिचालन गरिनेछ|

२. सम्पति कर लगाउने व्यबस्था मिलाइने छ |

३. घर नक्सालाई अनिबार्य तथा व्यवस्थित गर्दै र घर बहाल करलाई पनि कार्यान्वयनमा ल्याइनेछ|

४. ढुंगा गिट्टी बालुवा ,माटो,काठ दाउरा,जड्डीबुटी जस्ता प्राकृतिक स्रोत साधनहरुको सदुपयोग गर्दै

५. संचालित इट्टा भट्टा र फर्निचरहरु संचालन गर्न बिधि बनाई कार्यान्वयनमा ल्याईनेछ|

### ख) कृषि तथा पशु विकास :

**"कृषिमा मन लगाउँ ,सुनरुपी अन्न फलाउँ"**

१. कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा जोड दिई आत्मनिर्भरमुखी कृषि प्रणालीलाई व्यवसायमुखी एबं प्रतिष्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गर्न जोड दिईने छ| माटोको उर्बर शक्तिलाई जोगाइ राख्न माटो परीक्षण कार्यलाई निरन्तरता दिईनेछ|

२. मौरी पालना, कुखुरा पालन तथा टनेल खेतीलाई व्यबसायिक बनाउन प्रोत्साहन गरिनेछ|

३. थलो सुधारमार्फत पशुपालनमा सहजता ल्याउन आबश्यक कार्यक्रम ल्याइने छ|

४. युवा तथा कृषकहरुलाई व्यावसायिक बनाउन बिशेष सीपमूलक र व्यवसायिक तालीमको व्यबस्था मिलाइने छ|

५. वाली बीमा र पशु बीमा कार्यक्रमलाई प्रभाबकारी बनाउन पहल गरिनेछ|

६. साझेदारी नीति बनाई कृषक समूहहरुलाई ट्र्याक्टर वितरण कार्यक्रमलाई निरन्तरता दिइएनेछ|

७. विभिन्न कृषक समूहहरुमा खाद्यन्नहरु जस्तै मास,घैया, मकै , धान ,तोरी तथा तरकारी खेतीहरुको पकेट क्षेत्र पहिचान गरी विशेष कार्यक्रमहरु ल्याइनेछ|

८. कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणको न्यूनीकरणमा ध्यान दिईनेछ|

९. गाउँपालिकास्तरीय फलफूल तथा बनस्पतिजन्य नर्सरी तथा पुष्पजन्य केन्द्र स्थापना गरी बिरुवा उत्पादनमा अनुदानको व्यबस्थापनका नीति लिईनेछ|

१०. गड्यौला पालन व्यवसायलाई प्रोत्साहित गरी आय आर्जन गर्न आवश्यक कार्यक्रम ल्याईनेछ|

११. प्राकृतिक र कृतिम गर्भधारणको माध्यमबाट नश्ल सुधार कार्यक्रमलाई विभिन्न उद्देश्य मिल्ने सहकारीहरुसंग सहकार्य गरी आगाडी बढाइने छ |

१२. गाउँपालिकाभित्र रहेका साना किसान सहकारी तथा महिला सहकारी संस्थाहरुलाई र अन्य सहकारी संस्थाहरुको साझेदारीमा कार्यक्रम संचालन गर्न प्रस्तावना माग गरिनेछ|

१३. प्राङ्गारिक मल र जैविक बिषादी उत्पादन गर्न कृषकहरुको बीचमा तालिम र प्रबिधि उपलब्ध गराइनेछ|

१४. तरकारीका बिऊ उत्पादन गर्नका लागि कृषकहरुलाई आबश्यक सहयोग गरिनेछ|

१५. स्वच्छ तथा सफा मासु पसल तथा दुघ्ध डेरी संचालन प्रबर्धनका लागि आबश्यक नीति बनाई अनुदानको व्यबस्था मिलाइनेछ|

१६. बेरोजगार युवाहरुलाई आफ्नो सीप र क्षमताअनुसारको रोजगारमा आकर्षित गर्न कृषि तथा पशु शाखामार्फत अर्गानिक खेती साथै व्यवसायमा आधारित पशुपन्छी पालक उद्यमी व्यबसायी र कृषकहरुलाई प्रदान गर्दै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ|

१७. कोभिड-१९ को कारण प्रत्यक्ष असर परेका कृषि/पशुपालक उद्यमी, व्यबसायी र कृषकहरुलाई दर्ता हुने नयाँ फर्म र दर्ता भएका फर्महरुलाई दर्ता एबं नवीकरण गर्दा लाग्ने शुल्कमा ५०प्रतिशत छुटको व्यबस्था गरिने छ|

१८. **"एक वडा एक कृषि/पशु प्राबिधिक"** को नीति लिइने छ|

१९. **"वडा भरी फूलबारी, धनी बनौ मौरी पाली"** को नीति लिई कम्तिमा **एक वस्तीमा ,एक जेष्ठ नागरिक समूह** गठन गरी परेवा पालन, मौरी पालन कार्यक्रमलाई आबश्यक नीति बनाई अनुदानको व्यबस्था गरिने छ| यो अनुदान नीति पूर्ण अपाङ्गमा पनि लागू गरिने छ|

२०. कोरोना महामारीका कारण  विदेशबाट फर्किएका युबाहरुलाई सीप क्षमताको वर्गीकरण गरी स्थानीय उत्पादनमा ल्याउन आबश्यक नीति बनाइने छ|

२१. बेरोजगार युवाहरुलाई कृषि उत्पादनसंग जोड्न हेफरनामक संस्थासँग समेत साझेदारी गर्दै (soft loan) सुलभ ऋण प्रदान गर्न  विशेष पहल गरिने छ|

२२. कम्पोस्ट मल बनाउने तालीम तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ|

२३. ३ वर्षभन्दा बढी बाँझो रहेको जग्गाहरु उत्पादन गर्छु भन्ने किसान वा उद्यमीहरुलाई आवश्यक कानुनी प्रक्रियाभित्र रही भोग चलन गर्ने  दिने नीति बनाइने छ|

२४. गाउँपालिकाभित्र कम्तिमा एउटा दूध डेरी स्थापना गरी संचालनमा ल्याउन विभिन्न कृषि सहकारी संस्थाहरुसंग आवश्यक समन्वय र साझेदारी गरिनेछ|

२५. उन्नत जातको गाई/भैंसी पालनलाई प्रबर्धन गर्न कृषकहरुलाई  प्रोत्साहन स्वरूप पशु सुत्केरी भत्ता क्रमश स्थानीय गाईलाई  रु १५०० उन्नत जातका गाई र भैंसीलाई ३०००|- प्रदान गरिनेछ |

२६. डाले  र भुइँ  घाँस उत्पादनमा बिशेष  जोड दिईनेछ|

२७. शीतभण्डार तथा चिसानकेन्द्र निर्माण गर्न प्रदेश सरकार वा उद्देश्यमूलक सहकारीसंग समन्वय गरी साझेदारीमा निर्माण गरिनेछ|

२८.साना सिंचाई तथा थोपा सिंचाईको व्यबस्था गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ |

२९.कृषि तथा पशु  मेला प्रदर्शनी  र हाट बजार  संचालन गर्ने व्यबस्था मिलाइनेछ |

३०. सल्यानटारको मास खेतीलाई व्यवस्थित र व्यापारमुखी बनाउन विभिन्न समूहहरुमार्फत संकलन गरी विक्री वितरणमा आबश्यक सहयोग गरिने नीति ल्याइनेछ|

**ग) सहकारी तथा वित्तीय क्षेत्र:**

१.सहकारी संस्था व्यवस्थित गर्नका लागि सहकारी संस्था संचालन तथा नियमन गर्ने ऐन, पारित गर्न कानून निर्माण गरी लागू गरिने छ|

२. पशु तथा कृषि उत्पादनसँग सरोकार राख्ने सहकारीका कार्यक्रमहरुमा गाउँपालिकाले ३०% सम्म साझेदारी गर्न सक्ने नीति बनाइनेछ|

३.साना किसान कृषि सहकारीसंग कृषि तथा पशुपालनको क्षेत्रमा साझेदारी कार्यक्रम ल्याइनेछ|

**घ) संस्कृति तथा पर्यटन:**

**१.**गुरुयोजनासहितको त्रिपुरासुन्दरीको मन्दिरमा View Tower निर्माण गरी यहाँको सांस्कृतिक र पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा व्यापकता ल्याइने कार्यलाई यस आ.व मा पनि निरन्तरता दिइने छ|

**२**. सल्यानटारमा दरै र कुमाल जातिहरुको लोक संस्कृति झल्किने कला संस्कृति प्रस्तुतिका लागि वडा नं १ मा **दराई होमेस्टे** साथै वडा नं ३ मुलपानीको ओडारेमा **होमस्टे(Homestay)** निर्माण साथै प्रबर्धनका लागि स्थानीय सरकारबाट शुरु गरी थप वृद्धिका लागि प्रदेश सरकार र केन्द्रीय सरकारसंग आबश्यक पहल गरिनेछ |

**३**.आगिन्चोकको फटिक खम्बा,ओडारे बनझाँक्री गुफा,रिग्ने hydropower,सल्यानटारको रानी पोखरी र नरसिंह धाम ,त्रिपुरासुन्दरी माईको मन्दिर, पाँचधारेको दूग्धनाथ मन्दिर,ऐतिहासिक आरुघाट बजार आन्तरिक र बाहय पर्यटक भित्र्याउन प्रचार प्रसार अभियान संचालन गरिनेछ|

४. कुमाल जातीको परम्परागत पेसाको संरक्षण गर्दै संस्कृति संरक्षण तथा सङ्ग्रालय निर्माण गरिनेछ |

**५**. विद्यमान अवस्थामा रहेका मठ, मन्दिर, मस्जिद, प्राथना गृह, चर्च गुम्बा लगायत धार्मिक सम्पदाको सँरक्षण र सम्बर्धन गरिने छ|

## ❖ पूर्वाधार विकास

**"त्रिपुरासुन्दरीबासीको रहर ,व्यवस्थित सुबिधा सम्पन्न सल्यानटार शहर"**

**ङ) सडक:**

१.बिश्व महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा न्यूनीकरणको लागि साथै विपदको जोखिमलाई मध्यनजर गर्दै प्रत्येक वडामा उपयुक्त स्थान छनौट गरी क्रमश आपतकालिन सामुदायिक भवन निर्माण गर्दै लैजाने नीति लिइनेछ|

२.त्रिपुरासुन्दरी गाउँपालिकाभित्रका सबै वडाहरु छुने गरी निर्माण सुरु भएका सल्यानटार-खहरे कार्की गाउँ बेलुन ,ओडारे मुलाबारी ठुलोबेसी हुँदै गाउँपालिका भवन चक्रपथ निर्माण कार्य तदारुकताका साथ स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ | साथै उक्त सडक सर्बयामी चल्ने बनाउन आबश्यक पूर्वाधार तयार गर्दै जाने कार्य सुरु गरिनेछ| पुनर्निर्माणलाई ध्यानमा राखी गाउँबस्ती स्तरमा पुरयाईएका सडकहरुलाई दिगो बनाउन ५०/५० प्रतिशतको साझेदारी अवधराणा लागू गरिनेछ|

३.केन्द्र सरकार तथा प्रदेश सरकारसंग समन्वय गर्दै  सल्यानटार मूल सडक खण्ड (टारीबेंसीहुँदै – बुट्टार – सिक्टार सडक ) स्तरोन्नति तथा कालोपत्र गर्ने काम यसै आ.व देखि शुरु गरिनेछ|

४.गाउँपालिका केन्द्रबाट सबै वडा कार्यालयहरुमा पुग्न सकिने गरी सडक संजाल (Road Connectivity) बाट जोडी यस्ता सडकहरुमा पक्की Drain निर्माण , वाल ग्याबिन, ग्राबिल जस्ता कार्यहरुलाई यस आ.वबाट बिशेष प्राथमिकतामा राखी बाह्रै महिना चल्न सक्ने गरी योजनाहरु सम्पन्न गरिनेछ   |गाउँपालिकाभित्रका  महत्वपूर्ण सडक खण्डहरु नामाकरण गरी मापदण्ड तयार गरेर नीतिगत रुपमा निर्णय भईसकेको हुँदा उक्त नीतिलाई कार्यान्वयन गर्न सक्रियता पूर्बक अगाडि बढाइनेछ|

५.भूकम्प पश्चात अस्थाई संरचनाबाट संचालन हुँदै आएको गाउँपालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुलाई आबश्यकताअनुसारको पुनर्निर्माण वा मर्मत सम्भार कार्यलाई यथाशीघ्र सम्पन्न गराउन आबश्यक पहल गरिनेछ|

६.गाउँपालिका कार्यालय क्षेत्रभित्र बाँकी रहेका भवन निर्माण साथै वडा कार्यालयका भवनहरु क्रमश निर्माण/सम्पन्न  गर्दै लगिनेछ|

७. सबै वडामा निर्माण भएका हेलिप्याडहरुलाई व्यवस्थित गरिनेछ|

**च) आवास तथा पुनर्निर्माण:**

१.नेपाल सरकार पुनर्निर्माण प्राधिकरणबाट लाभग्राही कायम भई आवास निर्माण गरिसकेका र किस्ता प्राप्त गर्न वाँकी रहेकाहरुलाई तत्काल रकम उपलब्ध गराउन पहल गरिनेछ साथै पटक-पटक निबेदन दिई हालसम्म पनि वास्तविक लाभग्राही कायम हुन नसकेका व्यक्तिहरुलाई पून :आबश्यक कागजपत्र सहित लाभग्राही कायम गराउन पहल गरिने प्रतिबद्धता यस गरिमामय सभा समक्ष व्यक्त गर्न चाहन्छु |

**छ) विद्युत:**

१.त्रिपुरासुन्दरी गाउँपालिकाका सबै घरधुरीमा विद्युतको केन्द्रीय लाइन जडान भईसकेको छ| यसै वर्ष भित्रमा काठका पोलमुक्त गाउँपालिका बनाउने नीति अबलम्बन गरिने छ| आबश्यकताअनुसार ट्रान्सफरमरहरुको व्यबस्था मिलाउन पहल गरिने छ| पटकपटक विद्युत लाइन जाने र आउने गर्दा विधुतीय सामानहरुको क्षतिलाई मध्येनजर राख्दै उचित व्यबस्थापन गर्न पहल गरिने छ|

२.विद्युत महशुल बुझाउन धादिङ्गबेसी जानुपर्ने कारणले धादिङ्गका उत्तरी क्षेत्रका अधिकांश मानिस महसुल जरिबानामा परेको समस्यालाई मध्ये नजर गरी यसै आ.व. बाट यस गाउँपालिका भित्र प्राधी- करणको विद्युत महशुल काउन्टर तत्काल स्थापना गरी सेवामा सहजता ल्याउन पहल गरिनेछ |

३.गाउँपालिकाभित्र व्यवस्थित विद्युतीकरणका लागि आवश्यक पहल गरिनेछ |

❖ **सामाजिक विकास**

**ज) शिक्षा:**

**"समाजबाद उन्मुख समृद्द राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति एबम दिगो शैक्षिक पूर्वाधार "**

१. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रुपमा अघि बढाई बिद्यालयहरुमा शिक्षकहरुको समतामूलक वितरणलाई सुनिश्चित गरिनेछ|
२. धार्मिक प्रकृतिका बिद्यालयलाई शिक्षाको मूलप्रवाहीकरण गर्न बिशेष व्यबस्था गरिने छ|
३. विद्यालयमा शिक्षक र विद्यार्थीहरुको अनुपात हेरी गुणस्तरीय शैक्षिक अनुदान कोष तयार गरी औचित्यको आधारमा प्रदान गरिने छ|
४. शिक्षाको गुणस्तरीयता र समानतामा आधारित बनाउन गाउँपालिकास्तरीय परीक्षा प्रणाली सुरुवात गरिने छ|

५. गाउँ शिक्षा समितिलाई क्रियाशील बनाइ शैक्षिक कार्यक्रम कार्यान्वयन र अनुगमनमा बिशेष जोड दिईने छ|

६. शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्बजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्न सरोकारवाला निकायहरुसंग अन्तरक्रिया गर्ने व्यबस्था गरिने छ|

७. दलित,जनजाति सीमान्तकृत लोपोन्मुख जातजाति, गरीब तथा जेहनदार विद्यार्थीहरुलाई आवश्यकताका आधारमा छात्रबृति ,निशुल्क पाठ्यपुस्तक तथा शैक्षिक सामग्री वितरणमा सहजी- करण गरिनेछ|

८. समयसापेक्ष विद्यालयका प्र.अहरु शिक्षक अभिभाबक संघका अध्यक्षहरु, बिद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु भेला गरेर विद्यालयको समीक्षा गरी भावी दिनहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक पहल गरिनेछ |

९. आधारभूत तह पठनपाठन हुने विद्यालयको आवश्यकता बिद्यार्थी संख्या आदिका आधारमा अनुदान दिने प्राबधान मिलाइने छ |

१०.स्थानीय सरोकारवालाहरु, समुदाय र विकासका साझेदारीहरु संगको सहकार्यबाट शिक्षाको गुणस्तर अभिबृद्धि गरिने छ|

११.अपाङ्ग/भिन्न क्षमता भएका ब्यक्तिहरुको शैक्षिक पहुँचमा वृद्धि गरिने छ|

१२.बालविकास शिक्षासम्बन्धी सिकाइ सामाग्रीहरुको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तरअनुरुप बनाइने छ|

१३.प्रबिधिमा आधारित शिक्षण प्रणालीलाई प्रोत्साहन गरिनेछ|

१४.सिकाइमा सूचना तथा संचार प्रबिधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा बिकास गर्न कम्प्युटर नभएका बिद्यालयहरुमा कम्तिमा पनि एक एक वटा कम्प्युटर र प्रिन्टर उपलब्ध गराइनेछ|

१५.गाउँपालिकाभित्र बिद्यालयहरुको नक्सांकन गरी बिद्यालय एकीकरण तथा तह घटाउने नीति अबलम्बन गरिनेछ|

१६.गाउँपालिकाको हरेक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सो मार्फत कार्यक्रम संचालन गरिनेछ|

१७.अनिबार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न विद्यालयबाहिर रहेका बालबालिकाहरुलाई बिद्यालयहरुमा भर्ना गराउने कार्यक्रमलाई प्रभाबकारी बनाइने छ|

१८. बालविकास शिक्षकलाई गाउँपालिकाबाट दिंदै आएको सुविधालाई निरन्तरता दिइनेछ|

१९.गत बर्षदेखि गाउँपालिकाको आन्तरिक स्रोतबाट नियुक्ति भई कार्यरत रहेका आधारभूत तहका सात र माध्यमिक तहका सात गरी चौध जना अनुदान शिक्षकहरुको मासिक तलब भत्तालाई निरन्तरता दिईनेछ|

२०.सामुदायिक क्याम्पसहरुलाई एक जना शिक्षक बराबरको प्रोत्साहन अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ|

२१.बिद्यालयहरुमा खेलकुद तथा अतिरिक्त क्रियाकलापका साथै गाउँपालिकास्तरमा रास्ट्रपति कप, अध्यक्ष कप लगायतको खेलकुद प्रतियोगिता संचालन गर्न प्रोत्साहित गरिनेछ|

२२. सामुदायिक बिद्यालयका छात्राहरुलाई स्यानिटरी प्याड र भेन्टिंङ्ग मेसिन निशुल्क उपलब्ध गराइने व्यबस्था मिलाइनेछ|

२३.कोभिड-१९ ले बिद्यालयहरुलाई पारेको प्रभावलाई रोकथाम तथा नियन्त्रण गर्न सबै सामुदायिक बिद्यालयलाई सरसफाई व्यबस्थापन गर्न निश्चित रकम अनुदान दिने व्यबस्था मिलाइनेछ|

२४.गाउँपालिकाभित्रको सबै सामुदायिक बिद्यालयहरुमा स्मार्ट कक्षा संचालन गर्ने व्यबस्था मिलाइनेछ|

२५.उत्कृष्ट कार्य गर्ने बिद्यालय, शिक्षक तथा उच्च नतिजा ल्याउने बिद्यार्थीलाई पुरस्कृत गरिनेछ |

२६.कोभिड-१९ का कारण विधार्थीको अध्ययन अध्यापनमा असर परेकाले विद्यालयमा अतिरिक्त कक्षा संचालन गरिने व्यबस्था मिलाइनेछ |

२७.प्रत्येक  विद्यालयमा वालमैत्री वाल उद्यानको व्यबस्था क्रमश थालनी गरिनेछ |

२८. हरेक विद्यालयमा खानेपानी र शौचालयको व्यबस्था मिलाइनेछ |

२९.प्राबिधिक धारको उच्च शिक्षा अध्ययनरत आर्थिक अवस्था कम्जोर र लक्षित वर्गका विद्यार्थीलाई निश्चित मापदण्ड बनाई छात्रवृत्तिको व्यवस्था गरिनेछ|

३०. गाउँपालिकाभित्र रहेका स्वास्थ्य ,शिक्षा ,कृषि ,भेटेनरी लगायत अन्य सार्वजनिक सेवा कार्यालय संचालन व्यबस्थापन गर्न आवश्यकताको आधारमा अनुदान नीति अबलम्बन गरिनेछ |

**झ ) महिला विकास:**

१.गाउँपालिका कार्यालय तथा वडा कार्यालय  भवनलाई महिलामैत्री बनाइनेछ|

२.शिक्षा , स्वास्थ्य तथा रोजगारीमा महिलाहरुको पहुँच वृद्धि गर्दै लगिनेछ|

३.महिला तथा बालबालिकामा कोभिड-१९ बाट पर्न गएको मनोसामाजिक असरलाई न्यूनीकरण गर्न मनोसामाजिक परामर्शको कार्यक्रमलाई अगाडि बढाइनेछ|

४.महिला सशक्तीकरणका क्रममा गृहिणी शिक्षालाई प्रोत्सहान गरिने छ|

५.महिलामाथि हुने हिंसा र मानब बेचबिखन तथा ओसार पसार कार्यलाई निरुत्साहित गरिने छ|

६.महिलाहरुलाई सिलाई बुनाई, ब्युटी पार्लर लगायतका व्यावसायिक तालिम दिई व्यबसायतर्फ सक्रिय बनाउने नीति लिइनेछ|

७.सासु बुहारी सम्बाद कार्यक्रमलाई निरन्तरता दिईनेछ|

८.लामोसमय देखि श्रीमान बेपत्ता भई एक्लिएका महिलाहरुलाई पहिचानको आधारमा आय आर्जन उन्मुख सहायता नीति बनाई अनुदान रकम उपलब्ध गराइनेछ |

९.आमा समूहहरुलाई नेतृत्व तथा क्षमता विकास तालीम दिईनेछ|

१०.लैंगिक उत्तरदायी कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ|

११.विकास निर्माणका हरेक चरणमा महिलालाई विशेष प्राथमिकता दिई **"विकासमा महिला, महिलालाई पहिला"** को नीति अबलम्बन गरिनेछ|

**ञ) बाल विकास:**

१.बाल विकास केन्द्रको व्यवस्थापनामा जोड दिइनेछ|

२.बाल श्रमशोषणलाई निरुत्साहित गर्दै लगिने छ|

३.बालमैत्री स्थानीय शासन कार्यक्रम (CFLG)संचालन गरिनेछ|

३.निर्माण हुने संरचनाहरु बाल तथा लक्षित वर्गमैत्री बनाइनेछ|

४.वालबालिका सम्बन्धित सबै काम र क्षेत्रको अनुगमन गरी आवश्यक निर्देशन समेत दिन कानून निर्माण गरी **एक बाल अधिकार अनुगमन समिति** गठन गरिने छ|

५.हरेक टोल ,वडा र बिद्यालयहरुमा बाल क्लबहरु गठन गरी उनीहरुको हक अधिकार सुनिश्चित गर्ने कार्यक्रम संचालन गरिने छ|साथै गाउँपालिकास्तरीय बाल संजाल गठन गर्ने व्यबस्था मिलाईनेछ|

६.किशोरी समूहहरुलाई आवश्यक नेतृत्व विकास तालीम दिइनेछ|

**ट) स्वास्थ्य:**

**"स्वच्छ परिवार ,सुखको आधार "**

१.सबै चिज बस्तु बाँचे चाहिने हो, बाँच्दा पनि स्वस्थ भएर बाँच्नु बान्छनीय छ| स्वस्थ समाज निर्माण गर्ने स्वस्थ बच्चा जन्माउने समय देखि नै ख्याल गर्नु पर्दछ| स्वस्थ बच्चा, आमा घर परिवार सदस्यहरु र सबै स्वस्थ रहन र राख्न सकियो भने त्यो घर परिवार सुखी परिवार हुन्छ| नेपाल सरकारले पनि सबैलाई न्यूनतम भए पनि स्वास्थ्यमा पहुँच पुर्‍याउन **एक गाउँपालिका एक प्राथमिक स्वास्थ्य केन्द्र** को अबधाराणा लिएर आएको छ| यस गाउँपालिकाभित्र पनि छिटो भन्दा छिटो पन्ध्र शैयाको हस्पिटल संचालन गर्न आवश्यकीय पूर्वाधार तयार गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ| प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी ईकाईमा चौबिसै घण्टा सेवा प्रदान गर्ने कर्मचारीहरुप्रति उत्प्रेणा जगाउने कार्यक्रमलाई निरन्तरता दिंदै लगिनेछ|

२.विश्व महामारीको रुपमा फैलिरहेको कोभिड-१९ रोकथाम तथा न्यूनीकरण गर्न हाल क्वारेन्टाइन र आइसोलेसनको रुपमा प्रयोग भईरहेका शैक्षिक संस्थाहरुबाट अलग गर्नको निम्ति स्वास्थ्य क्षेत्रको आफ्नै क्षेत्राधिकारभित्र रहने गरी छुट्टै क्वारेन्टाइन र आइसोलेसन निर्माणको कार्यलाई यस आ.वमा उच्च प्राथमिकतामा राखिनेछ|

३.हरेक वडामा कम्तिमा एउटा स्वास्थ्य केन्द्रको पूर्वाधार तयार गरी स्वास्थ्यमा नागरिकको सहज पहुँचको व्यबस्था मिलाईने छ | वडामा स्थापना भएका सामुदायिक स्वास्थ्य इकाईलाई स्वास्थ्य चौकीमा स्तरोन्नती गर्न आबश्यक पहलकदमी लिइनेछ| आपतकालीन बिमारी सुत्केरी दीर्घ रोगी

र आकस्मिक बिमारीहरुले समयमा नै उपचार नपाइ ज्यान गुमाउन नपरोस भन्ने हेतुले वडा तहहरुमा पनि क्रमश एमबुलेन्स सेवा विस्तार गर्दै लाने नीति अबलम्बन गरिनेछ| साथै सबै स्वास्थ्य संस्थाहरु सम्म सर्वयामी एम्बुलेन्स सेवा सन्चालनका लागि सडक संजाल बिस्तार तथा स्तरोन्नती गर्दै लगिने छ| बिगत वर्षहरुमा जस्तै विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसंग साझेदारी गरी अलगअलग वडाहरुमा अलगअलग प्रकृतिका शिबिर संचालन गरिनेछ|

४.महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य सेवामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यमा विभिन्न शिविरहरु र घर परिवार सदस्यहरुसंग छलफल भेटघाट र अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ|

५.बाल तथा मातृमृत्यु दरमा न्यूनीकरणमा जोड दिइनेछ|

६.सुर्ती मदिरा र लागूपदार्थ जन्य बस्तुहरुको प्रयोग नियन्त्रण र सचेतनामूलक कार्यक्रमलाई संचालन गर्दै लगिने छ|

७.बर्थिंङ्ग सेवालाई प्रभाबकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी प्रतिक्षालय घर निर्माण गरी खान बस्न निशुल्क गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ| जसका कारण घरमा सुत्केरी हुने शून्य वडाहरु घोषणा गर्दै सिंगो गाउँपालिका घोषणा गर्ने नीति लिईनेछ| साथै वडा नं १ र २ सल्यानटारमा यसै वर्ष देखि उक्त कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ|

८.HIV/AIDS संक्रमित व्यक्तिहरुलाई यातायात खर्च बापत रु. १०,०००|- आर्थिक सहायता उपलब्ध गराइनेछ|

९.आठ प्रकारका सम्बेदनशील रोग लागेका नागरिकहरुलाई विगतमा ५,००० रुपयाँ दिदै आएकोमा सो रकमलाई यस आ. व मा रु .५,०००|-हजार वृद्धि  गरी रु १०,०००| कायम गर्ने नीति लिईनेछ|

१०.प्रसुती जाउलो कार्यक्रमलाई व्यवस्थित गर्दै निरन्तरता दिईनेछ|

११.एक विद्यालय एक नर्स कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ|

१२.स्वास्थ्य वीमा कार्यक्रमलाई संचालनमा ल्याइनेछ|

१३.एक वडा एक स्वास्थ्य संस्था कार्यक्रमलाई निरन्तरता दिईनेछ|

१४.स्वास्थ्यकर्मीको तलबमानमा एकरुपता ल्याइने छ|

१५..आवश्यकताअनुसार विशेषज्ञ सहितको स्वास्थ्य शिविरलाई निरन्तरता दिईनेछ|

१६.नियमित खोप सेवामार्फत सरसफाई प्रबर्धन कार्यक्रम संचालन गरिने छ |

१७.महिला स्वास्थ्य स्वयंसेवीका कार्यक्रमलाई निरन्तरता दिईनेछ |

१८.सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरिनेछ|

१९.प्रत्येक स्वास्थ्य संस्थालाई स्वास्थ्य सुरक्षा सामग्रीहरु र आवश्यक औषधीहरुको व्यवस्था मलाई स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ |

२०.आवश्यकताको आधारमा कोभिड-१९ रोगको नियन्त्रण गर्न स्वयमसेवक परिचालनको वयवस्था गरिनेछ|

२१.गर्भवती तथा सुत्केरी महिलाहरुलाई निशुल्क क्याल्सियम चक्की वितरण कार्यलाई निरन्तरता दिईनेछ |

२२. स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति उचित व्यबस्थापन गरी कामको आधारमा प्रोत्साहान भत्ताको व्यबस्था मिलाईनेछ |

२३. स्वास्थ्य संस्थाहरुमा एम्बुलेन्सको उचित व्यवस्थापन तथा संचालनलाई प्रभावकारी बनाइनेछ |

**ठ ) खानेपानी:**

१.स्वच्छ खानेपानी मानब जीबनको नैसर्गिक अधिकार हो| पानीका मुहानहरु भएका ठाउँमा व्यवस्थित वितरण गर्दै लगिनेछ| **एक घर एक धारा** अभियानलाई निरन्तरता दिईने छ | स्वच्छ पिउने पानी प्रबर्धन गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थासंग सहकार्य र प्रोत्साहित गरिने छ |

२.पानीका मुहान सहज नभएका ठाउँहरुमा प्रविधिको खोजी गरी **डिप बोरिंग,लिफ्टिंग प्रबिधि** र आकासे पानी जम्मा गरी प्रयोगमा ल्याउने बिधि अबलम्बन गरिनेछ|

३.खानेपानीको मुहान सरसफाई, बृक्षारोपण, भू-क्षय नियन्त्रण गरी, पानीको मुहान संरक्षण का लागि स्थानीय उपभोक्ताहरुको सहभागितामा संरक्षण गर्न प्रोत्साहन गरिने छ|

४.सल्यान्टारको पिउने पानी समस्यालाई दिगो रुपमा समाधान गर्न अल्पकालिन रुपमा **पाँचधारेको डिप बोरिंग, देउराली खोला लिफ्ट** योजनाको उचित व्यबस्थापन गर्दै दीर्घकालीन रुपमा मन्पाङ्ग खोला मुहानबाट सल्यानटार खानेपानी आयोजना नेपाल सरकारको

सहलगानीमा आयोजना संचालन गरी **"एक घर, एक धारा"** वितरण नीतिलाई निरन्तरता दिइनेछ|

५.पानीका मुहानहरुमा गुणस्तरीयता मापनका लागि पानी परीक्षणका विभिन्न प्रविधिहरु अवलम्बन गरिने छ|

६.खानेपानी शुद्धीकरणका लागि बिशेष पहल गर्ने नीति लिईनेछ |

**ड) जेष्ठ नागरिक तथा अपाङगता सम्बन्धमा:**

१.गाउँपालिकाक्षेत्रभित्र रहेका अपाङ्ग व्यक्तिहरुको तथ्याङ्क सङकलन, अपाङ्गता जेष्ठ नागरिक परिचयपत्र वितरण र अद्यावधिक गरिनेछ|

२.शीमूलक रोजगारमूलक तथा आयमूलक कार्यक्रम संचालनमा जोड दिइनेछ|साथै अब बन्ने संरचनाहरु अपाङ्गमैत्री बनाउने नीति लिइनेछ|

३.अपाङ्गता पहिचान वर्गीकरण तथा सुबिधा र सहयोगका लागि गाउँपालिकास्तरमा नै कार्यबिधि बनाई लागू गरिनेछ|

४.अपाङ्गतासम्बन्धी कार्यविधिलाई आबश्यक बमोजिम संशोधन गरिनेछ|

५. जेष्ठ नागरिकका लागि सम्मान कार्यक्रम संचालन गरिने छ|

६. एक गाउँ एक जेष्ठ नागरिक भेटघाट तथा आराम सामुदायिक भवन निर्माण गरिनेछ|

७. प्रत्येक वडामा जेष्ठ नागरिक आराम तथा भेटघाट गर्ने स्थल निर्माण गर्दै लगिनेछ|

**ढ) दलित एबम पिछडा वर्ग उत्थान:**

१.छुवाछुत तथा भेदभाद उन्मुलनका लागि प्रभावकारी कार्यक्रम संचालन गरिनेछ|

२.शीपमूलक, रोजगारमूलक तथा आयमूलक कार्यक्रम संचालनमा जोड दिइनेछ|

३.आरन सुधार परम्परागत पेशा व्यवसाय भएका समुदायलाई आधुनिक सीपमूलक तालीमको व्यबस्था गरिनेछ|

४.दलित एबम पिछडिएको समुदायको हकहितको संरक्षण लागि कानुन निर्माण गरी एक **दलित परिषद गठन** गरिनेछ|

**ण) युवा तथा खेलकुद विकास:**

१.बेरोजगार युबाहरुको सीपको वर्गीकरण गरी  आवश्यकता बमोजिम मागको आधारमा तालीमको व्यबस्था गरिनेछ|
२.बेरोजगार युवाहरुलाई उनीहरुको सीप अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत विकास निर्माणमा जोड्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ|
३.कुलत तथा दुर्व्यसनीमा लागेका युबाहरुलाई रुपान्तरणका लागि बिशेष  कार्यक्रमहरु ल्याइनेछ|
४.युबाहरुमा विभिन्न खेल र रचनात्मक कार्यक्रमहरु संचालन गरी नैतिक चारित्रिक अनुशासनको विकास गरी समाजप्रति  दायित्व बोध गराउने कार्यक्रमहरु समाबेश गराउनलाई उचित रकम विनियोजन गरिने छ |
५.अन्तर वडास्तरीय विभिन्न खेलहरुको आयोजना गरी खेलकुदलाई प्रबर्द्धन र विकास गरिनेछ|
६.बिद्यालयहरुमा खेलकुद तथा अतिरिक्त क्रियाकलापका  साथै गाउँपालिकास्तरमा रास्ट्रपति कप, अध्यक्ष कप लगायतको खेलकुद प्रतियोगिता संचालन गरिनेछ |
७. गाउँपालिकास्तरीय तथा वडास्तरीय खेलकुद विकास समिति गठन गरी विभिन्न खेलको व्यबस्थापन गरिनेछ |

❖ **संस्थागत विकास सेवा प्रवाह र सुशासन**

**त) सूचना  प्रबिधि तथा सुशासन:**

१.गाउँपालिकालाई प्राप्त हुने राजश्वलाई थप व्यवस्थित,प्रबिधिमैत्री, छिटो, आवश्यकताअनुसार रिपोर्ट हेर्न मिल्ने र समयसापक्ष बनाउन **सम्पति , भूमि , व्यवसाय तथा नगदी रसिद** लाई **E-Billing** मार्फत कार्यन्वयनमा ल्याइनेछ |
२.गाउँपालिकाको सेवा सुबिधा, नीति नियम, सूचना तथा गतिविधिहरु सबै नागरिकको पहुँचमा पुर्याउन मोबाईल एप्स "**साझा त्रिपुरासुन्दरी**" लाई नागरिक समक्ष अझ बढी परिस्कृत साथै USER FRIENDLY बनाउदै लगिनेछ|
३.योजना/कार्यक्रमको सम्झौता प्रक्रियामा कर्मचारी र सेवाग्राहीलाई हुने ढिला सुस्ती र एक क्लिकमा सम्पूर्ण रिपोर्ट हेर्न मिल्ने साथै कर्मचारी र सेवाग्राही वीचको दूरी कम गर्नका लागि यस आ.व  ०७७/७८ मा पनि यस प्रणालीलाई निरन्तरता दिईदै  **योजना संचालन तथा अभिलेख व्यबस्थापन सफ्टवेयर**लाई प्रभावकारी रुपमा कार्यान्वयनमा  ल्याइनेछ|

४.डिजिटल सोधपुछ कक्ष, डिजिटल सूचना पार्टी ,डिजिटल नागरिक बडापत्रको व्यबस्थापन गरिनेछ |सेवाग्राहीहरुको बाक्लो उपस्थित हुने कार्यालय तथा सार्वजनिक स्थानहरुमा(गाउँपालिका ,वडा कार्यालय ,प्रतिक्षालय ,स्वास्थ्य चौकी)मा निशुल्क इन्टरनेट सेवाको क्रमश बिस्तार गर्दै लैजाने नीति लिईनेछ|

५.विभिन्न कार्यालयहरु (वडा कार्यालय , बिद्यालय र स्वास्थ्य चौकी)हरुमा जोडिएको विद्युतीय हाजिरीलाई गाउँपालिकाको संजाल (NETWORK)मा जोडी गाउँपालिकाबाट निगरानी गर्ने व्यबस्था मिलाईनेछ|

६.गाउँपालिकाको कार्यालय र अन्तर्गतका शाखाहरुमा गतिबिधिहरुको निगरानी तथा पारदर्शिता कायम गर्न सी.सी. क्यामरा जडानलाई प्रभावकारी बनाई कार्यालयबाट भए गरेका सेवाप्रवाहलाई गाउँपालिकाको कार्यालयबाट  निगरानीको व्यबस्था मिलाइनेछ|

७.सामजिक सुरक्षा भत्तालाई बास्तविक लाभग्राहीको हातमा पु~याउन र पारदर्शिता कायम गर्ने उद्वेश्यले आ.व ०७७/७८ को पहिलो चौमासिकबाट सामाजिक सुरक्षा भत्तालाई बैंकिङ् प्रणाली मार्फत भुक्तानी गर्ने व्यबस्था मिलाईनेछ|

८.सबै वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्तालाई अनलाइन प्रणालीमा लगिनेछ| जसका लागि वडामा कार्यरत कर्मचारीहरुलाई सूचना तथा संचार प्रबिधिसम्बन्धी तालीमको समेत व्यबस्था मिलाईनेछ|

९.सबै वडामा संचालित इन्टरनेट सेवाको सेवा प्रबाह तथा क्षमतामा विकास गरिनेछ|

१०.गाउँपालिका र वडा तहका सूचनाहरुलाई वेबसाइटमार्फत प्रकाशन र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ|

११.गाउँपालिका तथा वडा तहमा पनि नागरिकहरुले गुनासो तथा उजुरी गर्न सक्ने संयन्त्रको बिकास गरिनेछ|

१२.आवधिक रुपमा सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ| सार्बजनिक सुनुवाईमा उठेका सवाल र सम्बादका बिषयमा समिक्षा गरिनेछ |

१३.उपभोक्ता समिति वा निर्माण व्यबसायीबाट सम्पादन हुने विकास निर्माण कार्यको प्रभावकारी रुपमा सार्बजनिक परीक्षण तथा सार्बजनिक सुनुवाई जस्ता कार्यलाई प्रभावकारी बनाइनेछ |

१४. यस गाउँपालिकाले लिएको भ्रस्टाचार बिरुद्ध शून्य सहनशीलताको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ |

१५. यस गाउँपालिकालाई पेश्की रहित गाउँपालिका बनाईनेछ |

१६. यस गाउँपालिकालाई बेरुजुमुक्त गाउँपालिका बनाइनेछ |

१७. गाउँपालिकाभित्रका कार्यालयहरुबाट दिईने नागरिक सेवाप्रवाहलाई **"रहरले काम गरौ ,हाँसेर सेवा गरौँ "** को नीति अवलम्बन गरिनेछ |

१८. स्थानीय तह खरिद ऐन तथा नियमावली तर्जुमा गरी खरिद कार्यलाई व्यवस्थित ,पारदर्शी ,मितव्ययी र उत्तरदायी बनाइनेछ|

१९. सम्पति कर व्यबस्थापन कार्यविधि तर्जुमा गरिनेछ|

२०. करार जनशक्ति व्यबस्थापनसम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ|

२१. त्रिपुरासुन्दरी गाउँपालिकाभित्र ल्याण्ड लाइन फोन थप बिस्तार गर्न आवश्यक पहल गरिनेछ|

२२. जनउत्तरदायी स्थानीय प्रशासन र विधिको शासन स्थापना गरिने छ|

## ❖ वाताबरण तथा विपद ब्यबस्थापन:

**"दिगो विकासका लागि, वातावरण"**

### थ ) वन तथा भूसंरक्षण ,वातावरण संरक्षण तथा जलाधार संरक्षण :

१.स्थानीय समुदायको अग्राधिकार रहने गरि बन पैदावार र बन क्षेत्रको नोक्सानी नहुने गरि बन क्षेत्रको व्यावसायिक बिकासमा जोड दिईनेछ|

२.परम्परागत चुल्होबाट खाना पकाउन बाध्य आमा, दिदीबहिनीहरुको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने घरभित्रको धुवाँलाई न्यूनीकरण गर्नका लागि आधुनिक सुधारिएको चुलो, बायोग्यास जडानमा आबश्यक अनुदान दिंदै बैकल्पिक उर्जा प्रबर्धनलाई बिशेष प्राथमिकतामा राखिनेछ|

३.गाउँपालिकाभित्रका विभिन्न सडक खण्डमा रहेको घुम्ती बाटो ,चोक र बजार क्षेत्रहरुमा सौर्य सडक बत्ति (STREET SOLAR LIGHT) तथा CC CAMERA जडान कार्यलाई निरन्तरता दिईनेछ| सो को अनुगमन नियमक निकायबाट गरिनेछ |

४.कृषि क्षेत्रमा प्रयोग हुने रासायनिक मल र बिषादीहरुलाई न्यूनीकरण गर्दै आर्गानिक खेती र उत्पादन गर्ने कृषकलाई बिशेष सहयोग गरिनेछ|

५.नेपाल सरकारद्वारा स्वीकृत वाताबरणमैत्री स्थानीय शासन अवधाराणा(EFLG) अनुरुप बाताबरण मैत्री संरचनागत विकास निर्माणमा बिशेष जोड दिइनेछ|

६.भू-क्षय लगायत बाढी,पहिरो रोकथामका निम्ति हरेक योजनाको कूल लागतको १ % प्रतिशत रकम बायो-इन्जिनियरिङमा खर्च गर्नुपर्ने प्राबधानलाई विशेष नीति बनाई कार्यन्वयनमा जोड दिइनेछ|

७.होटल र बसपार्क क्षेत्रमा हुने समुदायको चापलाई हेरी लपाङ ,बेलुन भन्ज्याङ, मुर्चोक भन्ज्याङ, आगिन्चोक ,सुनपोखरी सल्यानटार सानोगाउँ र रानीपौवा आदि ठाउँमा सार्बजनिक शौचालय निर्माण कार्यलाई अगाडि बढाईनेछ |

८.नदी खोलाबाट कटान भएका उर्वर जमिनहरु जस्तै ह्यापिंगेखोला ,कास्टेखोला ,बगुवाखोला ,मदने खोला गणेशखोला र लपांङखोलामा तटबन्दनका लागि योजना बनाइनेछ|

## द) सरसफाई तथा फोहोरमैला व्यबस्थापन:

१.कुहिने र नकुहिने फोहोर घरमै छुट्याउन लगाउने अभिमुखीकरण कार्यक्रम समुदायस्तरमा संचालन गरिनेछ |

२.गाउँपालिका, वडास्तर, टोल स्तरमा सरसफाई तथा फोहोर व्यबस्थापन समूह गठन गरि क्रियाशील बनाईनेछ|

३.बस्तीस्तरको फोहोर व्यबस्थापन गर्ने ठाउँ छनौट गर्न समूहलाई जिम्मेवार बनाउदै लगिनेछ|

४.सार्बजनिक स्थानमा फोहोर फाल्न निरुत्साहित गर्न चरणबद्ध कार्यक्रमहरु संचालन गरिने छ|

५.सल्यानटारमा ल्याण्डफिल्ड साइडको उचित व्यबस्था र प्रयोग गरिनेछ|

**६."फोहोरलाई, मोहोर "** बनाउनका लागि प्लास्टिक पुनप्रयोग तथा फोहोरको विविध प्रयोगको विधिलाई अबलम्बन गर्दै लगिने छ|

## ध) भूमि व्यबस्थापन:

१.सार्बजनिक भूमि जग्गाको पहिचान र अभिलेख गरी अतिक्रमणलाई नियन्त्रण गरिनेछ |

२.सरकारी पर्ति जग्गाको लगत लिई सो को संरक्षणका लागि कार्यदल गठन गरिनेछ|

३. भूमिको डिजिटल नापी प्रणाली क्रमश लागू गरिनेछ|

४.सल्यानटारमा व्यवस्थित वस्ती बिकासको लागि आबश्यक नीति लिइनेछ|

५. गाउँपालिकाभित्रको भूमि पून:नापी गर्न पहलकदमी थालिनेछ |

६. सल्यानटार शहरीकरण लाई मध्ये नजर राख्दै जग्गा खण्डीकरण गर्दा ८ आना भन्दा सानो कित्ता काट नगर्ने नीति अबलम्बन गरिनेछ|

**न) विविध :**

१. घ) बर्गका  निर्माण व्यबसायी ईजाजत पत्र कार्यविधि अनुरुप उपलब्ध गराइनेछ |

२.सामाजिक सुरक्षा भत्ता बैंक मार्फत टोलटोलमा  वितरण गर्ने व्यबस्था मिलाइनेछ |

३.सहीद,बेपत्ता द्वन्दपिडीत परिवार र तिनका सन्ततीहरुलाई गाउँपालिकाबाट उनीहरुको योगदानको कदर गर्दै बिशेष कार्यक्रम ल्याईनेछ  |

४.वडास्तरीय मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाईनेछ |

५.गाउँपालिकास्तरीय न्यायिक समितिलाई थप प्रभावकारी  बनाइने छ|

६.गाउँपालिकाको कार्यालय क्षेत्र आसपासमा ब्यबस्थित पार्किंगको व्यबस्था मिलाईनेछ |

गाउँपालिकाको क्षेत्रभित्र गौरब आयोजना, जनसहभागिता, राष्ट्रिय नीति तथा कार्यक्रम,आवधिक योजना,सुशासन ,कानुनी शासन त्रिपुरासुन्दरीबासीको चाहनाको आधारमा "त्रिपुरासुन्दरी बासीको रहर ,व्यवस्थित सुबिधा संम्पन्न सल्यानटार शहर" बनाउने अभियानलाई आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास ,विपद तथा वाताबरण व्यबस्थापनमा जोड दिनका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा एकीकृत बस्ती विकास कार्यक्रम यसै बर्षबाट थालनी गरिनेछ| हाल डी.पी.आर तयार भएको टारीबेसी सल्यानटार सडक कालोपत्रे संघीय र स्थानीय तहको साझेदारीमा यसै बर्षबाट सुरु गरिनेछ |

जलाशययुक्त बुढीगण्डकी आयोजनामा पर्ने घर गोठ,फलफुल र बोट विरुवाको उचित मूल्याङकन गरी मुआब्जाका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ |

**यस सभाका प्रमुख अतिथिज्यू , बिशेष अतिथिज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, अब म आ.व ०७७/०७८ को लागि लागि अनुमानित संक्षिप्त बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु|**

| **शिर्षक** | **वित्तीय समानीकरण** | **शसर्त अनुदान** | **बिशेष अनुदान** | **समपुरक अनुदान** | **राजश्व बाँडफाड** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | १३ करोड ८ लाख | २० करोड ५१ लाख | - | ४ करोड | ६ करोड ७२ लाख ९३ हजार ३० रुपयाँ | ४४ करोड ३१ लाख ९३ हजार ३० रुपयाँ |
| प्रदेश सरकारबाट प्राप्त | ९९ लाख ७३ हजार | २ करोड १९ लाख २१ हजार | ३० लाख | १ करोड | १ करोड ७३ लाख ४९ हजार | ६ करोड २२ लाख ४३ हजार |
| आन्तरिक राजश्व | - | - | - | - | - | १ करोड ८५ लाख (अनुमानित ) |
| जम्मा | १४ करोड ७ लाख ७३ हजार | २२ करोड ७० लाख २१ हजार | ३० लाख | ५ करोड | ८ करोड ४६ लाख ४२ हजार ३० रुपयाँ | ५२ करोड ३९ लाख ३६ हजार ३० रुपयाँ |
| गत वर्षको बाँकी मौज्दात | | | | | | ६ करोड १९ लाख |
| जिल्ला समन्वय समितिबाट प्राप्त समपुरक अनुदान | | | | | | २ करोड |
| गैर-सरकारी संस्था (हेफर) द्वारा कृषि र पशु तर्फ विभिन्न कार्यक्रममा सहकार्य गर्नका उपलब्ध गराईएको साझेदारी रकम | | | | | | रु.१ करोड |
| **कुल जम्मा** | | | | | | ६१ करोड ५८ लाख ३६ हजार ३० रुपयाँ |

अन्त्यमा,

चालू आ.व ०७६/०७७ को नीति तथा कार्यक्रम ,योजना तथा बजेट कार्यान्वयनमा लाग्नु हुने जनप्रतिनिधि साथीहरु,कर्मचारीमित्रहरु तथा आम नागरिकमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु र आर्थिक वर्ष ०७७/०७८ को माथि उल्लेखित नीति तथा कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन गर्न बजेट विनियोजन गरी कार्य संचालन गरिनेछ| यस बर्षको नीति,कार्यक्रम, योजना र बजेट कार्यन्वयनमा यहाँहरुको अझ बढी सहयोग र क्रियाशीलताको अपेक्षा गर्दछु| यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक कृतज्ञतासहित धन्यबाद व्यक्त गर्दछु|

धन्यबाद नमस्कार!!

२०७७|०३|१०

**शम्भुकुमार थापा**

**अध्यक्ष**